प्रमाणिकरण मिति : २०७५/०४/२७

# जोरायल गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७५

**प्रस्तावना,**

स्थानीय तहहरुलाई पारदर्शी, जवाफदेही र उत्तरलाई बनाई सेवा प्रवाह तथा विकास निर्माण कार्यलाई गुणस्तरीय एवं जनमुखी बनाउन स्थानीय तहबाट हुने सम्पूर्ण कामकारवाहीहरुको जनस्तरबाट अनुमोदन गराउनका लागि सामाजिक परीक्षण गर्नु बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा (५) तथा जोरायल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिम जोरायल गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७५ तर्जुमा गरिएको छ ।

## परिच्छेद - १

## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **जोरायल गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७५** राखिएको छ ।

(२) यो कार्यविधि जोरायल गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा** :

क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

ख) **"गाउँपालिका"**जोरायल गाउँपालिकालाई सम्झनु पर्छ ।

ग) **"गाउँ कार्यपालिका"** भन्नाले जोरायल गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

घ) **"सभा"** भन्नाले नेपालको संबिधानको धारा २२२ बमोजिम गठित जोरायल गाउँसभालाई सम्झनु पर्छ ।

ङ) **"अध्यक्ष"** भन्नाले जोरायल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

च) **"विषयगत ईकाई"** भन्नाले गाउँपालिका भित्र रहेका बिभिन्न बिषयसँग सम्वन्धित ईकाईहरु सम्झनु पर्छ ।

छ) **"विकास साझेदार"** भन्नाले नेपाल सरकारको शर्तहरु पुरा गरी गाउँपालिकासँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवं बहुपक्षीय साझेदार

निकायहरु, संयुक्त राष्ट्रसंघीय निकायहरू तथा राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्था आदि सम्झनुपर्छ ।

ज) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउछ ।

झ) **"सामाजिक परीक्षण"** भन्नाले स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन कार्य सम्झनुपर्छ ।

ञ) **"गैर सरकारी संस्था"** भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र गाउँसभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकासँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनुपर्छ ।

ट) **"सामुदायिक संस्था"** भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था सम्झनुपर्छ ।

ठ) **"योजना"** भन्नाले गाउँपालिकाको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको आवधिक योजना, वार्षिक योजना, क्षेत्रगत योजना र यस्तै प्रकारका अन्य योजनालाई सम्झनुपर्छ ।

ड) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तीका लागि तयार गरिएको क्षेत्रगत वा वहुक्षेत्रगत कार्यक्रम सम्झनुपर्छ ।

ढ) **"आयोजना"** भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तीका लागि तयार गरिएको आयोजना सम्झनुपर्छ ।

ण) **"अनुदान"** भन्नाले नेपाल सरकार र प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त हुने निःशर्त तथा सशर्त अनुदान, विभिन्न कार्यक्रम, कोष र साझेदार निकायबाट उपलब्ध हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोगसमेत सम्झनुपर्छ ।

त) **"सामाजिक जिम्मेवारी"**गाउँपालिकाले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्वलाई सम्झनुपर्छ ।

थ) **"लक्षित समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडा वर्ग) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनुपर्छ ।

## परिच्छेद -२

## सामाजिक परीक्षण सम्बन्धी संस्थागत व्यवस्था

३. **बार्षिक सामाजिक परिक्षण गर्नु पर्ने :** (१) गाउँपालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धी तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नेछ ।

(२) सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै गाउँपालिकालाई ऐन तथा नियमावली तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार सञ्चालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धी र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकलाई आधारमानी लेखाजोखा गर्नु पर्नेछ ।

(३) सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ । तर कुनै कार्यक्रम/आयोजना विशेषको थप सामाजिक परीक्षण गर्नको लागि यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

४. **सामाजिक परीक्षक नियुक्त गर्नु पर्ने** :(१) गाउँपालिकाले सो गाउँपालिकासँग प्रत्यक्ष सम्वन्ध नभएका बढीमा दुई बिज्ञको समूहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा नियुक्त गर्नेछ । गाउँपालिकाले आर्थिक अवस्था र समयको अनुकुलता हेरी एक बिज्ञ र एक सहयोगी वा एक जना मात्रै बिज्ञ पनि राख्न सक्नेछ ।

(२) कुनै परामर्शदाता संस्था, कम्पनी वा फर्मलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिने छ ।

(३) उपदफा (२) अनुसार संस्था वा कम्पनीलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिदाको अवस्थामा उक्त संस्थासँग निर्धारित योग्यता भएको बिज्ञ उपलब्ध भएको हुनु पर्नेछ ।

(४) सामाजिक परीक्षकहरुको कार्य विवरण र योग्यता अनुसूची–१ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **सामाजिक परीक्षणसमिति गठन गर्न सक्ने :** (१) सामाजिक परीक्षण कार्यको निम्ती सामाजिक परीक्षक र अन्य सरोकारवाला पक्षहरुसंग समन्वय गर्न र सामाजिक परीक्षकलाई सहयोग गर्न आवश्यक देखिएमा गाउँकार्यपालिकाले निम्नानुसारको सामाजिक परीक्षणसमिति गठन गर्न सक्नेछ :-

क) गाउँपालिकाको उपाध्यक्ष : संयोजक

ख) अध्यक्षले तोकेको गाउँकार्यपालिकाको महिला सदस्य : सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

घ) बिषयगत ईकाईहरुमध्ये गाउँकार्यपालिकाले तोकेको बिषयगत ईकाईको प्रमुख :सदस्य

ङ) गाउँपालिकाभित्र कार्यरत गैसस वा सामुदायिक संस्थामध्येगाउँपालिका अध्यक्षले तोकेको एक जना महिला प्रतिनिधि : सदस्य

च) गाउँपालिकास्तरीय उद्योग वाणिज्य संघबाट एक जना प्रतिनिधि : सदस्य

छ) सामाजिक विकास अधिकृत वा कार्यक्रम अधिकृत : सदस्य-सचिव

तर, गाउँपालिकामा यस्तो समिति गठन नभएको अवस्थामा समेत सामाजिक परीक्षक मार्फत गाउँकार्यपालिका र विषयगत ईकाईका कर्मचारीहरूको सहयोगमा सामाजिक परीक्षण कार्य सञ्चालन गर्नेछन् ।

## परिच्छेद - ३

## सामाजिक परीक्षण विधि र प्रतिवेदन

६. **सामाजिक परीक्षण बिधि** : (१) सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरी पूरा गर्नुपर्नेछ :

**क) सन्दर्भ सामग्री अध्ययन र समिक्षा :** सामाजिक परीक्षकले सन्दर्भ सामाग्रीको रूपमा स्थानीय तहसंग सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत ईकाईहरूको समेत), सामाजिक उपलब्धी, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीको अध्ययन गर्नु पर्नेछ । त्यस्ता सामाग्रीहरुको अध्ययन पश्चात स्थानीय तहले सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा समिक्षा र विश्लेषण गर्नु पर्नेछ ।

**ख) अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल :**सामाजिक परीक्षकले निम्न सूचकहरूका आधारमा गाउँपालिकाका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, आयोजना प्रमुख, विषयगत ईकाई प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिनुपर्नेछ । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गर्नु गराउनु पर्नेछ । आवश्यकता अनुसार स्थलगत निरीक्षण र अवलोकन गरी सामाजिक कार्यसम्पादनको अवस्था सुनिश्चित गर्नु पर्नेछ ।

ग) यस क्रममा सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा

प्रतिवेदन (अनुसूची २ र ३) तयार गर्नु पर्नेछ । प्रतिवेदन तयार गर्दा बिषयगत ईकाई र गैससहरुले गरेको कामहरुको बिवरण समेत गाउँपालिकाको अंगको रुपमा समावेश गर्नु पर्नेछ ।

घ) यसरी तयार भएको प्रतिवेदन सामाजिक परीक्षण कार्यक्रममा पेश गर्नु पर्नेछ ।

७. **प्रतिवेदन प्रस्तुति तथा छलफल** : (१) सामाजिक परीक्षकले तोकिएको ढाँचामा आधारित प्रतिवेदन छलफलको लागि प्रस्तुत गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसार प्रस्तुत प्रतिवेदन माथी छलफलका क्रममा उठेका सुझाव तथा निर्णयहरू र कार्य योजना सहित अन्तिम प्रतिवेदन (अनुसूची ४) तयार गर्नु पर्नेछ ।

८. **सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीको तयारीः** (१)सामाजिक परीक्षकले तयार गरेको प्रारम्भिक प्रतिवेदन गाउँपालिकाले आयोजना गरेको सामाजिक परीक्षण भेलामा प्रस्तुत गरिनेछ ।

## परिच्छेद - ४

## सामाजिक परीक्षणका चरणहरु र सहभागिता

९. **सामाजिक परीक्षणका चरणहरु** : (१) सामाजिक परीक्षणका चरणहरु देहायका हुनेछन् :-

क) तयारी चरण : यस चरण अन्तरगत सामाजिक परीक्षकले सामाजिक परीक्षण समिति वा कर्मचारीहरुको सहयोगमा अनुसूची २ र ३ को ढाँचामा प्रतिवेदन तयार गर्नेछन् । यसरी प्रतिवेदन तयार गर्दा दफा ६ को बिधि अनुसार गर्नुपर्नेछ ।

ख) छलफल तथा प्रस्तुतीकरण चरण : यस चरणमा सामाजिक परीक्षकले तयार गरेको प्रतिवेदन प्रस्तुत हुनेछ र सहभागिहरुले खुला छलफल गर्नेछन् । यस चरणमा सामाजिक परीक्षकले आगामी बर्षका लागि सुझावहरु समेत संकलन गर्नेछ ।

ग) समीक्षा तथा कार्ययोजना तयारी चरण : यस चरणमा दोश्रो चरणमा उठेका जिज्ञासाहरु, आलोचनाहरु र प्रश्नहरुका साथै आएको सुझावहरुलाई कार्यान्वयनमा लैजानका लागि कार्ययोजना निर्माण हुनेछ । साथै सामाजिक परीक्षणको समग्र प्रक्रियाको बारेमा सामाजिक परीक्षण समिति, गाउँकार्यपालिका र सामाजिक परीक्षकका बिचमा समीक्षा हुनेछ ।

१०. **सहभागिता** : (१) सामाजिक परीक्षणको समिक्षा तथा छलफल भेलामा उपस्थित हुन गाउँसभाका सवै सदस्यहरु, प्रमुख सरोकारवालाहरू, उपभोक्ता समितिका प्रतिनिधिहरु, वास्तविक उपभोक्ताका प्रतिनिधिहरू, नागरिक समाज, राजनैतिक दल, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस,सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू, साझेदार संस्थालाई आह्वान गर्नु पर्नेछ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, बिभिन्न समितिका प्रमुखहरु, लेखापाल, बिषयगत ईकाईका प्रमुखहरुको उपस्थिति हुनु पर्नेछ ।

(२) भेलाको अध्यक्षता गाउँपालिकाको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । यदि अध्यक्ष र उपाध्यक्ष दुवै अनुपस्थित भएको अवस्थामा सामाजिक परीक्षणको कार्यक्रम हुन सक्ने छैन ।

(३) सामाजिक परीक्षण सम्वन्धी भेलाका लागि सहभागिहरुलाई कम्तीमा पाँच दिन अगाडी मिति, समय र स्थान सहितको सूचना दिनु पर्नेछ । उक्त सूचना स्थानीय सञ्चारमाध्यमबाट प्रकाशन/प्रसारण गर्नुका साथै गाउँपालिकाको वेभसाईटमा पनि राखिनेछ ।

## परिच्छेद - ५

## कार्यक्रम सञ्चालन बिधि

**११. कार्यक्रम संचालन विधि :** (१) सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका राख्नु पर्नेछ । उक्त पुस्तिकामा सहभागीहरूको नाम, पद, ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था उल्लेख हुनु पर्नेछ ।

(२) कार्यक्रमका उद्घोषकले सभाध्यक्ष, प्रमुख अतिथि र अन्य अतिथिहरुलाई आशन ग्रहण गराउनेछन् ।

(३) आशन ग्रहणपछि सहभागीहरूलाई स्वागत सहित कार्यक्रमको उद्देश्य, सञ्चालन विधि र समयबारे जानकारी दिनुपर्नेछ ।

(४)त्यसपछि उद्घोषकले सामाजिक परीक्षकलाई कार्यक्रम हस्तान्तरण गर्नेछ । सामाजिक परीक्षकले कार्यक्रमको आचार संहिता प्रस्तुत गर्दै सहभागिहरुबाट सो को अनुमोदन गराउनेछ । त्यसपछि प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नेछ ।

(५) प्रतिवेदन प्रस्तुत पश्चात छलफल तथा सुझाव संकलन गर्दै सामाजिक परीक्षकले पुनः उद्घोषकलाई कार्यक्रम जिम्मा दिनेछ ।

(६) उद्घोषकले समयलाई ख्याल गर्दै प्रमुख अतिथि र कुनै अतिआवश्यक व्यक्ति भए उनीहरुको छोटो मन्तव्य राख्न लगाउनेछ।

(६) अन्त्यमा सभाध्यक्षले सहभागिहरुलाई धन्यवाद दिँदै कार्यक्रम समापन भएको घोषणा गर्नेछ ।

**१२. कागजात उपलब्ध गराउनु पर्ने** : सामाजिक परीक्षण समिति तथा सामाजिक परीक्षकले मागेको विवरण तथ्यांक, सूचना तथा कागजातहरुगाउँपालिका, विषयगत ईकाई, गै.स.स.तथा अन्य संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - ६

## विविध

**१३. गैसस तथा अन्य सार्वजनिक संस्थाहरूले कार्यबिधि प्रयोग गर्न सक्ने :**गैसस तथा अन्य सार्वजनिक संस्थाहरूले पनि समाजिक परीक्षण गर्दा यस कार्यविधिको प्रयोग गर्न सक्नेछन् । सो गर्न गराउन गाउँपालिकाले समन्वय र सहयोग गर्नु पर्नेछ ।

**१४. थपघट र हेरफेरः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँकार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**१५. आचार संहिता :** सामाजिक परीक्षकले दफा ११ अनुसार आयोजना गरिएको कार्यक्रममा अनुसूची–५ अनुसारको आचार संहिता प्रस्तुत गर्नेछ ।

**१६. खारेजी र बचाउँ :** (१) यस कार्यबिधिमा भएका व्यवस्थाहरु नेपाल सरकार, प्रदेश सरकार र जोरायल गाउँपालिकाले स्वीकृत गरेका प्रचलित कानुनहरुसंग बाँझिन गएमा बाँझिएको हदसम्म खारेज हुनेछन् ।

(२) यो कार्यबिधि लागु हुनु अघि सामाजिक परीक्षणसंग सम्वन्धी भएका कामहरु यसै कार्यबिधि अनुसार भएको मानिनेछ ।

अनुसूची १

*(दफा ४ को उपदफा (४) सँग सम्वन्धित)*

**सामाजिक परीक्षकको योग्यता र पारिश्रमिक**

**१. सामाजिक परीक्षकको योग्यता :**

- ✓ गाँउपालिकाको हकमा स्नातकोत्तर तथा वडाको हकमा स्नातकोत्तर वा स्नातक भई सम्वन्धित क्षेत्रमा अनुभव,
- ✓ सामाजिक परीक्षण सम्बन्धी अनुशिक्षण प्राप्त
- ✓ स्थानीय तहको कार्यक्रम वा आयोजनामा प्रत्यक्ष सलंग्न नरहेको

**२. पारिश्रमिक :**

गाउँपालिकाको हकमा सामाजिक परीक्षणका लागि परीक्षक चयन गर्दा १० कार्यदिनका लागि चयन गरिनेछ। जसमा अध्ययन तथा प्रारम्भिक प्रतिवेदन तयारी ६ दिन, प्रतिवेदन प्रस्तुतीकरण १ दिन, समीक्षा १ दिन र अन्तिम प्रतिवेदन तयारी २ दिन हुनेछ भने वडाको हकमा ५ कार्य दिन हुनेछ। सामाजिक परीक्षकको पारिश्रमिक तथा अन्य सुबिधाहरु गाउँकार्यपालिकाले तोके अनुसार हुनेछ।

अनुसूची-२

*(दफा ६ को खण्ड "ग" र दफा ९ को खण्ड "क" संग सम्वन्धित)*

**जोरायल गाउँपालिका, डोटी**

**समाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन (बृहत छलफलमा प्रस्तुत गरिने)**

मिति :.........................

१. गाउँपालिकाको संक्षिप्त परिचय :

२. गाउँपालिकाका प्राथमिकताका क्षेत्रहरु तथा लक्षहरू (बुंदागत रूपमा लेख्ने) :

३. गतवर्षका मुख्य मुख्य उपलब्धिहरू (बुंदागत रूपमा लेख्ने) :

४. यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (बुँदागत रूपमा प्रस्तुत गर्ने) :

५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा :

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत बर्षको अवस्था** | **यस बर्ष गरिएका प्रयासहरु** | **उपलव्धी** |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | | | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | | | |
| खोपमा पहुँच भएको जनसंस्या (एक बर्ष मुनीका बालबालिकाको आधारमा) | | | |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको प्रतिशत | | | |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | | | |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | | | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | | | |
| **शिक्षा** | | | |
| आधा घण्टाभित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | | | |

| | | | |
|---|---|---|---|
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | | |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समुहका बालबालिका संख्या/प्रतिशत | | | |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | | | |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | | | |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| स्थानीय तहबाट निर्मित विद्यालय कोठा संख्या | | | |
| दलित बालबालिकाको शिक्षममा पहुँच | | | |
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | | | |
| शौचालय भएको संख्या वा प्रतिशत | | | |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | | | |
| शौचालय भएको परिवार संख्या | | | |
| सुधारिएको चुलो भएको परिवार संख्या | | | |
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | | | |
| सामाजिक बिकृति, विसंगति | | | |
| सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोकोन्मुख जाती) | | | |
| जनचेतना तथा गरिवी निवारण | | | |
| बाल श्रमको अवस्था | | | |
| बाल क्लवहरूको अवस्था | | | |
| महिला हिंसा | | | |
| **रोजगारीको अवस्था** | | | |
| स्वरोजगारका प्रयासहरू | | | |
| गरिवी निवारणका प्रयासहरू | | | |
| सामाजिक परिचालन | | | |
| वतावरण सुधारका प्रयासहरू | | | |
| एच.आई.भि र एड्स | | | |
| विकासमा समान सहभागिता | | | |

| **सेवाहरूमा पहुँच** | | | |
|---|---|---|---|
| स्थानीय वजार पुग्न लाग्ने समय | | | |
| कृषि ईकाईबाट प्रत्यक्ष लाभ प्राप्त गरेका व्यक्तिहरुको संख्या | | | |
| पशु सेवा इकाइ प्रत्यक्ष लाभ प्राप्त गरेका व्यक्तिहरुको संख्या | | | |

*नोटः प्रतिवेदन तयार गर्दा माथि उल्लेखित सूचकमा नघटने गरी थप गर्न सकिनेछ ।*

५. गत वर्षमा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :

६. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव (वुंदागत रूपमा लेख्ने) :

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम (यदि संस्था भएमा) :
मितिः

अनुसूची-३

(दफा ६ को खण्ड "ग" र दफा ९ को खण्ड "क" संग सम्वन्धित)

**विषयगत ईकाई/गैर सरकारी संस्थाको नाम : ..................**

**सामाजिक परीक्षकको प्रतिवेदन (बृहत छलफलमा प्रस्तुत गरिने)**

**१विषयगत ईकाई/गैर सरकारी संस्थाको नाम : ..................**

१. लक्ष्य (बुँदागत रुपमा लेख्ने)

क.

ख.

ग.

घ.

२. मुख्य उद्देश्य (बुंदागत रूपमा लेख्ने)

क.

ख.

ग.

घ.

४. गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरण

| सञ्चालित कार्यक्रम/आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू (बुंदागत रूपमा प्रस्तुत गर्ने) :

क.

ख.

ग.

घ.

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|

| | |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :

क.

ख.

ग.

घ.

८. भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू (बुंदागत रूपमा लेख्ने) :

क.

ख.

ग.

घ.

सामाजिक परीक्षकको नाम :

दस्तखत :

संस्थाको नाम ( यदि सस्था भएमा) :

मितिः

अनुसूची-४

(दफा ७ को उपदफा (२)सँग सम्बन्धित)

सामाजिक परीक्षकले गाउँपालिकामा पेश गर्ने अन्तिम प्रतिवेदनको ढाँचा

जोरायल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, रावतकट्टे, डोटी

७ नं. प्रदेश

१. पृष्ठभूमि :

२. सामाजिक परीक्षणको उद्देश्य

३. अध्ययन विधि

४. अध्ययनको सीमा

५. बृहत् छलफल कार्यक्रमको विवरण

क) मिति : ख) स्थान : ग) समय :

६. स्थानीय तह र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण संलग्न राख्ने (अनुसूची २ र ३)

७. सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु ( बुँदागत रुपमा लेख्ने)

८. सामजिक परीक्षणवाट देखिएका चुनौती था कमिकमजोरीहरु ( बुँदागत रुपमा लेख्ने)

९. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय तहले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

सामाजिक परीक्षकको नाम :

दस्तखत :

संस्थाको नाम ( यदि सस्था भएमा) :

मिति:

अनुसूची–५

(दफा १२ संग सम्वन्धित)

आचार संहिताको ढाँचा

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न अनुसारका आचारसंहिता पालना गर्नुपर्दछ :-

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।
- तथ्यांक र सूचनाको आधारमा रही विचार राख्ने ।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने ।